# कम्पनीको चौथो वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति : २०७८।१०।१३ गते)**

श्री शेयरधनी महानुभावहरू,

यस ज्योति लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेडको मिति २०७८/१०/१२ गते दिउँसो ३:१५ बजे बसेको सञ्चालक समितिको ९९ औं बैठकको निर्णयानुसार कम्पनीको चौथो बार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न लिखित विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन को दफा ६७(२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१) सभा हुने मिति, स्थान र समय :**

मिति : २०७८/११/०६, शुक्रबार (तदनुसार १८ फेब्रुअरी, २०२२)
स्थान : वाटरफ्रन्ट रिसोर्ट, लेकसाईड, पोखरा-१८, कास्की
समय : बिहान ११:०० बजे

**२) छलफलका विषयहरु :**

**क) साधारण प्रस्तावहरु**

१) आ.व. ०७६।०७७ को लेखा परिक्षण प्रतिवेदन, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह र तत् सम्बन्धित अनूसुचिहरू तथा NFRS प्रणाली लागू गरि तयार गरिएको वित्तिय विवरण माथि छलफल गरी पारित गर्ने ।

२) कम्पनीले आ.व. ०७६।०७७ सम्मको बितरणयोग्य मुनाफाबाट हाल कायम चुक्ता पुँजि रू. २,२०,००,००,०००/- (अक्षरेपि रू. दुई अर्ब बीस करोड मात्र) को १० प्रतिशतका दरले हुने रू. २२,००,००,०००/- (अक्षरेपि रू. बाईस करोड मात्र) बराबरको बोनस शेयर जारी गर्ने विशेष प्रस्ताव यसै साधारण सभामा पेश गरिएको हुँदा उक्त बोनस शेयरमा लाग्ने कर बापत चुक्ता पूँजिको ०.५२६३ प्रतिशतले हुने रू. १,१५,७८,९४७।३७ (अक्षरेपि रू. एक करोड पन्ध्र लाख अठहत्तर हजार नौ सय सैंतालिस रूपैया सैतिस पैसा मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

३) स्वतन्त्र सञ्चालकको नियुक्ती अनुमोदन गर्ने ।

४) सञ्चालक समितिमा संसथापक शेयरधनीहरू (समूह-क) को तर्फबाट ४ जना तथा सर्वसाधारण शेयरधनिहरू (समूह-ख) बाट प्रतिनिधित्व गर्ने २ जना सञ्चालकको चयन गर्ने ।

५) लेखापरिक्षण समितिबाट सिफारिस भई आए बमोजिम आ.व. ०७७।०७८ को लागी बाह्य लेखापरिक्षक नियुक्ती तथा निजको पारिश्रमिकको निर्धारण गर्ने सम्बन्धमा ।

**ख) विशेष प्रस्तावहरु**

१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. ०७६।७७ सम्मको मुनाफाबाट हाल कायम चुक्ता पुँजि रू. २,२०,००,००,०००/- (अक्षरेपि रू. दुई अर्ब बीस करोड मात्र) को १० प्रतिशतका दरले हुने रू. २२,०००,०००/- (अक्षरेपि रू बाईस करोड मात्र) बराबरको बोनस शेयरलाई शेयरधनि दर्ता पुस्तिका बन्द मितिको अघिल्लो दिन सम्म कायम हुने शेयरधनिले पाउने गरि वितरण गर्ने प्रस्ताव पारित गर्ने । साथै बोनस शेयर जारि पश्चात कायम हुन आउने भिन्न अङ्क (Fraction) लाई भविष्यमा समायोजन गर्ने गरि यथावत राख्ने प्रस्ताव समेत पारित गर्ने ।

२) बोनस शेयर जारी गरे पश्चात कम्पनीको चुक्ता पूँजि रू. २,४२,००,००,०००/- (अक्षरेपि रू दुइ अर्ब बयालिस करोड मात्र) पुग्ने भएकोले सोहि बमोजिम कम्पनीको प्रबन्धपत्रको दफा ६ (ग) (घ) संशोधन गर्ने ।

३) विषेश प्रस्ताव नं २ को सम्बन्धमा सम्बन्धित निकायबाट कुनै फेरबदल वा सुझाव भएमा सो सुझाव बमोजिम आवश्यक फेरबदल गर्ने अख्तियारी संचालक समितिलाई दिने प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

४) आर्थिक वर्ष ०७६।०७७ मा कम्पनीले कोभिड १९ पिडितको उपचारको लागि सहयोग स्वरुप नेपाल सरकारलाई प्रदान गरेको आर्थिक सहायता वापतको रू. ७,५०,०००/- (अक्षरेपि रू सातलाख पचास हजार मात्र) कम्पनी ऐन २०६३ को दफा १०५ (१) को (ग) बमोजिम अनुमोदन गर्ने सम्बन्धमा ।

**ग) विविध**

सञ्चालक समितिको आज्ञाले
कम्पनि सचिव

## साधारण सभा सम्बन्धी थप जानकारी

१) कम्पनीको शेयर दाखेल खारेज मिति २०७८।१०।२४ गते एक दिनको लागि बन्द रहनेछ । शेयर दाखेल खारेज मिति भन्दा अगावै अर्थात मिति २०७८।१०।२३ गते सम्म शेयर खरिद गरि प्रचलित कानून बमोजिम कम्पनीको शेयर रजिष्ट्रार एन आई सी एसिया क्यापिटलबाट प्राप्त बिवरणको आधारमा कायम शेयरधनिहरुले मात्र यस साधारण सभामा भागलिन पाउनेछन । कोभिड १९ को सावधानीको लागि सभामा उपस्थित हुनेले अनिवार्य रूपमा मास्क प्रयोग गर्नुका साथै नेपाल सरकारद्वारा जारी गरिएका स्वास्थ सुरक्षा मापदण्डको पालना गर्नुपर्नेछ ।

२) बिश्वव्यापी रूपमा फैलिएको कोभिड १९ को संक्रमणलाई मध्येनजर गर्दै सभा भर्चुअल (Virtual) माध्यमबाट समेत संचालन गरिनेछ । भर्चुअल माध्यम बाट सभामा भाग लिन चाहने शेयरधनीहरूले कम्पनीको वेबसाईट www.jyotilife.com/agm मा गई आफ्नो बिवरण भरि ID र password प्राप्त गर्न सक्नुहुनेछ। साथै सभामा सल्लाह सुझाव दिन चाहने शेयरधानिले सभा मिति भन्दा ७ दिन अगावै agm@jyotilife.com मा इमेल गरि आफ्नो नाम टिपाउन सकिनेछ ।

३) सभा हुने दिन सभामा उपस्थितिका लागि हाजिर पुस्तिका विहान १०:०० बजे देखि सभा सञ्चालन समय सम्मको लागि खुल्ला रहने छ ।

४) सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावहरूले अधिकारिक परिचय पत्रका साथ सभा हुने स्थानमा उपस्थित भई सभा स्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । भर्चुअल माध्यमबाट उपस्थित हुने शेयरधनिको समेत उपस्थिति भएको मानिनेछ ।

५) प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले सम्पुर्ण शेयरको प्रतिनिधि एउटै व्यक्ति (विभाजन नहुने गरी) हुने गरी प्रतिनिधि-पत्र (प्रोक्सी फाराम) भरी कम्पनीको कर्पोरेट कार्यालयमा सभा शुरू हुनु भन्दा कम्तिमा ४८ घण्टा अगाडी दर्ता गरी सक्नु पर्ने छ ।

६) एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नु भएको अवस्थामा पहिलो दर्ता हुने प्रोक्सी मान्य हुनेछ । त्यसपछि आउने प्रोक्सी स्वतः वदर वा अमान्य हुनेछ ।

७) सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनी स्वयम सभामा उपस्थित हुन आएमा शेयर धनीले गरिदिएको प्रतिनिधि (प्रोक्सी) स्वतः वदर हुनेछ ।

८) कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा कार्यकारी प्रमुखले दस्तखत गरी मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।

९) छलफलका विषय/सूची मध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रूपमा दिनुपर्नेछ ।

१०) थप जानकारीको लागि कम्पनीको कर्पोरेट कार्यालय ज्ञानेश्वरमा सर्म्पक राख्नु हुन अनुरोध गर्दछौं ।

**ज्योति लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड**
केन्द्रिय कार्यालय, शान्ता प्लाजा, ज्ञानेश्वर, काठमाण्डौ
रजिष्टर्ड कार्यालय: पोखरा-९, कास्की
फोन नं. : ०१-४५४५९४१/४२
ई-मेल: info@jyotilife.com, वेब साइट: www.jyotilife.com

JyotiLife
सधैं तपाईंको साथ